**22nd of June**

**यो आकाशवाणी हो**

**मुख्य समाचारहरुबाट :**

- **प्रधानमन्त्री अनि इरानी राष्ट्रपति पेजेशकियनबीच वार्ता, इरान–इजरायलबीचको तनावप्रति गहिरो चिन्ता व्यक्त**
- **ईरानबाट "अपरेशन सिन्धु" मार्फत 11 सय भन्दा अधीक भारतीयको सफल उद्धार, नेपाल र श्रीलंकाले भारतलाई व्यक्त गरे आभार**
- **गृहमन्त्रीले गर्नुभयो रायपुरमा दुई राष्ट्रिय फरेन्सिक संस्थानको शिलान्यास,**
- **एनआईएलाई पहलगाम आतंकवादी हमलासम्बन्धी ठूलो सफलता, पहलगाम हमलाका दुई जना सहयोगी पक्राउ**

**अब समाचार विस्तारमा**

**प्रधानमन्त्री अनि इरानी राष्ट्रपति पेजेशकियनबीच वार्ता, इरान–इजरायलबीचको तनावप्रति गहिरो चिन्ता व्यक्त**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज इरानका राष्ट्रपति मसूद पेजेशकियनसँग टेलिफोन वार्ता गर्दै इरान र इजरायलबीच हालै उत्पन्न तनावपूर्ण परिस्थितिप्रति गहिरो चिन्ता व्यक्त गर्नुभएको छ। प्रधानमन्त्री मोदीले सामाजिक सञ्जालमार्फत जानकारी दिँदै भन्नुभयो कि दुवै नेताबीच पछिल्लो परिस्थितिबारे विस्तृत रूपमा चर्चा गरिएको थियो। वार्ताका क्रममा प्रधानमन्त्री मोदीले तत्काल तनाव घटाउन, संवादमार्फत समाधान खोज्न तथा कूटनीतिक माध्यमबाट क्षेत्रीय शान्ति, सुरक्षा र स्थायित्व पुन: स्थापना गर्न आह्वान गर्नुभएको छ। ईरानका राष्ट्रपति मसूद पेजेशकियनले पनि प्रधानमन्त्री नरेन्द्र मोदीसँग टेलिफोन संवाद गर्दै क्षेत्रीय परिस्थितिबारे विस्तृत जानकारी गराएर इरानको धारणा साझा गर्नुभयो। प्रधानमन्त्री मोदीले भारत सधैं शान्ति र मानवताको पक्षमा रहेको स्पष्ट गर्दै, इरानस्थित भारतीय समुदायको सुरक्षित स्वदेश फिर्तीमा निरन्तर सहयोग गरेकोमा राष्ट्रपति पेजेशकियनलाई धन्यवाद व्यक्त गर्नुभयो। दुवै नेताले व्यापार, अर्थतन्त्र, विज्ञान–प्रविधि, र जनस्तरको सम्बन्धसहित विभिन्न क्षेत्रमा द्विपक्षीय सहकार्यलाई थप मजबुत बनाउन प्रतिबद्ध रहने सहमति पुनः दोहोऱ्याउनु भएको छ।

**ईरानद्वारा वर्षकै ठूलो मिसाइल आक्रमण, पश्चिम एशियाली तनाव चुलियो**

ईरानले आज बिहान ट्रू प्रॉमिस–३ नामक अपरेशन अन्तर्गत यस वर्षकै सबैभन्दा ठूलो मिसाइल आक्रमण गरेको छ। इस्लामिक रिभोल्युशनरी गार्ड कोरका अनुसार, यो कारबाही हालै अमेरिकी तथा इजरायली हवाई हमलाको जवाफस्वरूप गरिएको हो। हमलामा बेन गुरियन अन्तर्राष्ट्रिय विमानस्थल, जैविक अनुसन्धान केन्द्र र कमान्ड तथा नियन्त्रण केन्द्रहरूलाई निशाना बनाइएको छ। इजरायलको हाइफामा मिसाइल आक्रमणबाट कम्तीमा 23 जना घाइते भएका छन्, जसमा तीन जनाको अवस्था गम्भीर छ। कर्मिलमा आक्रमणको असरका कारण एक महिलाको हृदयाघातबाट मृत्यु भएको छ। इजरायली अधिकारीहरूले जनाएअनुसार, रातभरमा 18 वटा इरानी मिसाइलहरू इजरायलको रक्षा प्रणाली पार गर्दै भित्रिएका छन्। यो संख्या हालसम्मको सबैभन्दा उच्च सफलता दर भएको बताइएको छ। इरानले आक्रमणमा करिब 30 वटा ब्यालिस्टिक मिसाइल, आत्मघाती 36 वटा ड्रोन, र ठोस तथा तरल इन्धनयुक्त सटीक–निर्देशित मिसाइल प्रयोग गरेको जनाएको छ । यस युद्धले, होर्मुज जलडमरूमध्य बन्द हुने जोखिमले विश्व बजारमा तेलको मूल्य तीव्र रूपमा बढाउने, मुद्रास्फीति चुल्याउने र वैश्विक आपूर्ति श्रृंखलामा गम्भीर असर पार्न सक्ने चेतावनी पनि दिइएको छ।

**ईरानबाट "अपरेशन सिन्धु" मार्फत 11 सय भन्दा अधीक भारतीयको सफल उद्धार, नेपाल र श्रीलंकाले भारतलाई व्यक्त गरे आभार**

भारत सरकारले सञ्चालन गरेको अपरेशन सिन्धु अन्तर्गत लगभग 1 हजार एक सय 17, जना भारतीय नागरिकहरूलाई ईरानबाट सुरक्षित रूपमा उद्धार गरी स्वदेश फर्काइएको छ। भारतीय विदेश मन्त्रालयका अनुसार, गएराति मशहदबाट दुई सय 90 जना भारतीय नागरिकसहितको विशेष विमान नयाँ दिल्ली आइपुगेको थियो। त्यसअघि सोही दिन साँझ 3 सय 10 जना भारतीय यात्रुहरू लिएर अर्को विमानले दिल्लीमा अवतरण गरेको थियो। यस अपरेशन अन्तर्गत नेपाल र श्रीलंकाका नागरिकहरूको उद्धारमा भारतले पुऱ्याएको सहयोगप्रति दुबै देशले कृतज्ञता व्यक्त गरेका छन्। नेपालकी विदेश मन्त्री आरजू राणा देउवाले सामाजिक सञ्जालमार्फत भारतका विदेश मन्त्री डा. एस. जयशंकरलाई धन्यवाद दिँदै ईरानमा रहेका नेपाली विद्यार्थीहरूलाई उद्धारमा सहयोग पुऱ्याएकोमा आभार व्यक्त गर्नुभएको छ। उहाले भारतको यो सहयोग नेपाल–भारतबीचको बलियो साझेदारीको प्रतीक भएको उल्लेख गर्नुभएको छ। त्यसअघि श्रीलंका-को विदेश मन्त्रालयले पनि एक सामाजिक सञ्जाल पोस्टमार्फत भारत सरकारलाई धन्यवाद दिँदै, ईरानमा रहेका आफ्ना नागरिकहरूको उद्धारमा गरिएको सहयोगलाई ऐक्यबद्धताको प्रतीक र श्रीलंका–भारतबीचको बलियो तथा दिगो सम्बन्धको उदाहरण बताईएको छ। ईरानस्थित भारतीय दूतावासले नेपाल र श्रीलंकाको औपचारिक अनुरोधपछि दुवै देशका नागरिकहरूको उद्धारका लागि आवश्यक पहल गरिएको जानकारी दिएको छ।

**लद्दाखको करगिल युद्ध स्मारकमा ‘सरहद शौर्याथॅान 2025’ सम्पन्न, 25 सय  भन्दा बढी धावकको सहभागिता**

लद्दाखको द्रासस्थित ऐतिहासिक करगिल युद्ध स्मारकमा आज सरहद शौर्याथॅान 2025 सम्पन्न भएको छ। भारतीय सेनाले पुणेस्थित सरहद फाउन्डेशन र करगिलको स्थानीय प्रशासनको सहयोगमा कार्यक्रमको आयोजना गरेको हो। देशभरबाट 25 सय भन्दा बढी एथलेटहरू उक्त मैराथनमा सहभागी भएका थिए। कार्यक्रमको उद्घाटन महाराष्ट्रका उपमुख्यमन्त्री एकनाथ शिन्देले हरियो झण्डा देखाएर गर्नुभएको थियो। पत्रकारहरूसँगको कुराकानीमा उहाले भन्नुभयो— “देशभरबाट आएका एथलेटहरूको उत्साहजनक उपस्थिति पहलगाम आतंकी हमलापछि पनि भारतीय सेनाप्रति जनताको अटुट विश्वासको प्रमाण हो।” श्री शिन्देले करगिल विजय दिवस अगाडि आयोजित यस कार्यक्रमले शान्ति, देशभक्ति र पर्यटन प्रवर्द्धनमा योगदान पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो। उहिले भारतीय सेनाको 14 कोरका जनरल अफिसर कमान्डिङ, लेफ्टिनेन्ट जनरल रितेश भल्लालाई महाराष्ट्र सरकारको तर्फबाट तीन करोड रुपैयाँको चेक हस्तान्तरण गर्नुयो, जुन करगिल युद्ध स्मारकको स्तरोन्नतिको लागि प्रदान गरिएको हो।

**समाचार आकाशवाणीबाट सुन्दै हुनुहुन्छ**

**गृहमन्त्रीले गर्नुभयो रायपुरमा दुई राष्ट्रिय फरेन्सिक संस्थानको शिलान्यास,**

भारतका केन्द्रीय गृहमन्त्री अमित शाहले आज छत्तीसगढको नवा रायपुरस्थित बंजारी गाउँमा निर्माण हुन लागेका दुई राष्ट्रिय फरेन्सिक संस्थानहरूको शिलान्यास समारोहलाई सम्बोधन गर्नुभएको छ।नेशनल फरेन्सिक साइन्स युनिभर्सिटी र सेंट्रल फरेन्सिक साइन्स ल्याबोरेटरी करिब 40 एकड क्षेत्रफलमा निर्माण गरिनेछ। कार्यक्रममा छत्तीसगढका मुख्यमन्त्री विष्णुदेव साय र उपमुख्यमन्त्री विजय शर्मा पनि सहभागी हुनुहुन्थ्यो ।

सम्बोधनमा मन्त्री शाहले क्रिमिनल जस्टिस सिस्टमलाई आधुनिक बनाउने उद्देश्यले तीन नयाँ पहल सुरू गरिएको जानकारी दिनुभयो। उहाले यो प्रयासले मध्य भारतको अपराध अनुसन्धान प्रणालीलाई मजबुत बनाउने बताउनुभयो। उहाले छत्तीसगढ सरकारले ल्याएको आत्मसमर्पण नीतिको प्रशंसा गर्दै माओवादीहरूलाई शान्तिपूर्ण रूपमा हतियार त्याग गरी नयाँ छत्तीसगढको निर्माणमा सहभागी हुन आह्वान गर्नुभयो।

**एनआईएलाई पहलगाम आतंकवादी हमलासम्बन्धी ठूलो सफलता, पहलगाम हमलाका दुई जना सहयोगी पक्राउ**

राष्ट्रिय अनुसन्धान एजेन्सी (NIA) लाई जम्मू–कश्मीरको पहलगाममा भएको आतंकवादी हमलासम्बन्धी अनुसन्धानमा महत्वपूर्ण सफलता मिलेको छ। एजेन्सीले उक्त हमलामा संलग्न आतंकवादीहरूलाई आश्रय दिएको आरोपमा दुई जनालाई पक्राउ गरेको जानकारी दिएको छ। पक्राउ पर्नेमा बटकोट निवासी परवेज अहमद जोथर र पहलगामको हिल पार्कमा बसोबास गर्ने बशीर अहमद जोथर रहेका छन्। अनुसन्धानका क्रममा उहाहरूले तीन जना सशस्त्र आतंककारीहरूलाई आश्रय दिएको पुष्टि भएको एनआईएका अधिकारीहरूले जनाएका छन्। एनआईएका अनुसार ती तीनै आतंककारीहरू पाकिस्तानका नागरिक थिए र लश्कर–ए–तोइबा आतंकी संगठनसँग आवद्ध थिए। घटनाअघि यी आतंककारीहरूलाई  हिल पार्क क्षेत्रमा लुकाइएर खाना, बस्ने व्यवस्था तथा अन्य आवश्यक सहयोग प्रदान गरिएको थियो। दुबै अभियुक्तलाई गैरकानुनी गतिविधि (निवारण) ऐन अन्तर्गत पक्राउ गरिएको छ र थप अनुसन्धान जारी रहेको एनआईएले जनाएको छ।

**भारतमा निर्मित Stealth युद्धपोत 'आईएनएस नीलगिरि' विशाखापत्तनममा प्रवेश, अब पूर्वी नौसैनिक बेडाको हिस्सा हुनेछ**

देशमै निर्माण गरिएको आधुनिक **stealth** युद्धपोत आईएनएस नीलगिरि आज विशाखापत्तनमस्थित भारतीय नौसेनाको आधार क्षेत्रमा पुगेको छ। यो युद्धपोतले अबदेखि विशाखापत्तनमलाई आफ्नो स्थायी गृह बन्दरगाह बनाउनेछ। मुम्बईमा निर्माण गरिएको 'आईएनएस नीलगिरि' अब भारतीय नौसेनाको Eastern Sword-Sunrise fleet को महत्वपूर्ण अंगका रूपमा कार्यरत रहनेछ।

**अन्त्यमा मुख्य समाचार फेरि एकपल्ट**

- **प्रधानमन्त्री अनि इरानी राष्ट्रपति पेजेशकियनबीच वार्ता, इरान–इजरायलबीचको तनावप्रति गहिरो चिन्ता व्यक्त**
- **ईरानबाट "अपरेशन सिन्धु" मार्फत 11 सय भन्दा अधीक भारतीयको सफल उद्धार, नेपाल र श्रीलंकाले भारतलाई व्यक्त गरे आभार**
- **गृहमन्त्रीले गर्नुभयो रायपुरमा दुई राष्ट्रिय फरेन्सिक संस्थानको शिलान्यास,**
- **एनआईएलाई पहलगाम आतंकवादी हमलासम्बन्धी ठूलो सफलता, पहलगाम हमलाका दुई जना सहयोगी पक्राउ**